अरुहरुलाई साक्षी दिनु



पाष्टरीय तालीम पुस्तिका

३२

तालीम र वृद्धि

T&M ®

ख्रीष्टको निम्ति साक्षी बन्नको लागि सात बाइबलीय सिद्धान्तहरु

ख्रीष्टको निम्ति साक्षी:

- अरु विश्वासीहरुसित मिलेर ।
- तपाईको परिवार तथा मित्रहरुलाई पहिले ।
- विश्वासमा ।
- पवित्र आत्माको शक्तिमा ।
- येशू ख्रीष्टमाथि लक्षित भएर ।
- प्रेमसित ।
- ख्रीष्टका आज्ञाकारी चेलाहरु बनाउनु ।

अरु विश्वासीहरुसित मिलेर साक्षी दिनु ।

साक्षी दिनु भन्नाले प्रभु येशू ख्रीष्टको जीवन, मृत्यु र पुनरुत्थानबारे बोल्नु हो । येशूका आज्ञाहरुमध्ये एक चाहिँ उहाँको बारेमा साक्षी दिनु हो । यसैकारण मानिसहरुलाई भेटेर येशू ख्रीष्टबारे साक्षी दिनको निम्ति हामी सबै विश्वासीहरुलाई सिकाउँछौं ।

व्यक्तिगत सुसमाचार प्रचारबारे कक्षाहरु लिएर मात्र यो काम हुँदैन । सुसमाचार प्रचार त अभ्यासद्वारा सिकिन्छ । तपाईले सिकाइरहनु भएका विद्यार्थीहरुकै मित्र तथा आफन्तहरुलाई ख्रीष्टबारे साक्षी दिनको निम्ति तपाईसंग उनीहरुलाई लिएर जानुहोस् । (मत्ती ४:१९)

सुसमाचार प्रचार गर्न छोडे पछि मण्डली जमिएको पानी झैं बन्नेछ । जब नयाँ मण्डलीहरुले सार्वजनिक सेवा शुरु गर्न प्रारम्भ गर्दछन्, तब उनीहरुले सुसमाचार प्रचारलाई रोकिदिने गर्दछन् । तपाईको मण्डलीले व्यक्तिगत सुसमाचार प्रचार लाई कहिल्यै हेल्चेक्रचाइँ नगरोस् ।

दिनहुँ साक्षी दिने काम कसको हो:

☐ पाष्टरको मात्र ।

☐ हरेक विश्वासीको ।

प्रभु येशूले आफ्ना चेलाहरुलाई दुई दुई जना गरेर पठाउनुभयो (मर्कूस ६:७)। थुनामा परेको बेलामा बाहेक, प्रेरितहरुले कहिल्यै पनि एकलै यात्रा गरेनन् ।

जब हामी दुइ दुइ जना गरेर अथवा सानो झुण्डमा जाने गर्छौं, साक्षी दिने काममा बढी अनुभवीहरुबाट कम अनुभवीहरुले कसरी गर्नुपर्ने हो भनी सिक्नेछन् । यसले मानिसहरुमा अझ बढी प्रभाव पनि पार्नेछ ।

यदि तपाईसंग जाने कोही भएन भने, विपरीत लिङ्गका एकलो व्यक्ति मात्र भएको घरमा नपस्नु होस् ।

कसरी साक्षी दिने काम गर्नु राम्रो हुन्छः

☐ एकलै ।

☐ कसैसंग मिलेर ।

तपाईको परिवार र साथीहरुलाई पहिले साक्षी दिनोस् ।

प्रेरितको पुस्तकमा प्रायः जसो गरी, नयाँ विश्वासीहरुको सम्पूर्ण परिवारलाई उनीहरु स्वयंकै (अथवा अरु साथीहरुको) साक्षीद्वारा परमेश्वरले उद्धार दिनुभएको देख्दछौं (प्रेरित १०:२२-४४, १६:१४-१५, १६:३०-३४, १८:८)।

यदि हामीले पहिले कसलाई साक्षी दियौं भने हामीले बढी फल फलाउनेछौं:

- ☐ नचिनेकाहरुलाई ।
- ☐ आफन्तहरुलाई ।

विश्वाससंग साक्षी दिने ।

प्रभु येशू ख्रीष्टको बचाउने काम यति महान छ कि उहाँले सबैभन्दा बढी पापीलाई पनि क्षमा गरी ग्रहण गर्नसक्नुहुन्छ (१ तिमोथी १:१२-१५)। प्रभुमा हाम्रो विश्वासको माध्यमद्वारा हामी बचाइएका छौं । यही विश्वासको माध्यमद्वारा अरुहरुको उद्धार हुने कुरालाई हामीले बुझ्नुपर्दछ (मत्ती ८:१३)।

हाम्रो विश्वासले उद्धारलाई हाम्रा परिवारहरुको नजीक ल्याइदिन्छ (प्रेरित १६:३१)। हरेक विश्वासीले आफ्नो विश्वासलाई विकास गरुन् भन्ने परमेश्वर चाहनुहुन्छ । तर शुरुमा चाहिँ हाम्रो विश्वासद्वारा नयाँ व्यक्तिले निश्चयता पाउँदछ ।

याद राख्नोस्, एक अविश्वासी आत्मिकी रुपमा मृत व्यक्ति नै हो । उसले आफैलाई बौरी उठाउन सक्तैन !

साधारणतया, एक अविश्वासीलाई ब्युँताउन, परमेश्वरले कसको विश्वास प्रयोग गर्नुहुन्छ:

- ☐ परदेशीहरुको ।
- ☐ नजीकका मित्रहरु अनि आफन्तहरुको ।

पवित्र आत्माको शक्तिमा साक्षी दिनु

येशू ख्रीष्टले प्रेरित १:८ मा प्रतिज्ञा गर्नुभयो...

"तर पवित्र आत्मा तिमीहरुमा आउनुभएपछि तिमीहरुले शक्ति पाउनेछौ, र तिमीहरु यरुशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ ।"

यो शक्ति साक्षीको लागि हो । हामी बढो उत्साहित भएर प्रार्थना गर्दछौं कि प्रभावशाली साक्षी बन्नको लागि परमेश्वर ले हामीलाई उहाँको पवित्र आत्माले अभिषेक गरुन् । हामीले अडकिँदै बोलेका शब्दहरुलाई पवित्र आत्माले मानिसहरुको हृदयमा नै गाडिदिऊन् ।

रोहन, तपाईले पहिले आफ्नो पिताजीसंग कुरा गर्नोस् ।
तर म ता राम्ररी बोल्नै जान्दिनँ । उहाँले मलाई सुन्दै सुन्नुहुने छैन ।

परमेश्वरले हामीलाई उहाँको पवित्र आत्माले भरिदिनुहुन्छ भनी हामी प्रार्थना गरौं...। हामीसंग रहने प्रतिज्ञा गर्नुभएको लागि धन्यवाद प्रभु । अहिले नै हामीलाई तपाईको आत्माले अभिषेक गर्नुहोस् ।

खीष्टको निम्ति हाम्रो साक्षीसंग सर्वशक्तिमान पर मेश्वरको अधिकार पनि संलग्न छ। यदि तपाईले येशूलाई महिमा दिनुभयो भने, तपाईले अड्किँदै बोल्नु भएका शब्दहरुले कठोर हृदयलाई पनि तोडिदिनेछ (यर्मिया २३:२९)।



मलाई थाहा छ। मेरो भतिजो चन्द्रले उसको परिवार र मलाई खीष्टमा जितेको हो। ऊ त्यति फररर बोल्नसक्ने व्यक्ति होइन! उसको अघिल्ला दुइ-चारवटा दाँतहरु पनि छैन! तर म एक पापी हुँ अनि मलाई येशूको पापक्षमा चाहिन्छ भनेर उसले निश्चयता दिलाउन सक्यो।

निश्चय। पवित्र आत्माद्वारा अभिषेक भएको छ भने, अड्किँदै बोले तापनि, अति नम्र साक्षी नै अति शक्तिशाली हुन्छ। पाप र अपराधमा मरेकाहरुको हृदयमा जीवन ल्याउने काम ता केवल पर मेश्वरले गर्नुहुन्छ (एफिसी २:१)।

केवल परमेश्वरले क्षमा गर्नुहुन्छ, तर जब एक पापीले पश्चाताप गर्दछ, तब हामी उसले पाएको क्षमादानलाई घोषणा गरिदिन्छौं । राज्यका साँचाहरु चलाउनु भनेको यही हो (मत्ती १६:१९, १८:१८)।

यी साँचाहरु सबभन्दा पहिले पत्रुसलाई प्रतिज्ञा गरिएको थियो । तर यी साँचाहरु अरु चेलाहरुलाई पनि दिइएको थियो ।

- मत्ती १८:१८ र यूहन्ना २०:२२-२३ सित मत्ती १६:१५-१९ लाई तुलना गर्नोस् ।

- खीष्टको निम्ति साक्षी दिनेहरुलाई परमेश्वरले त्यही शक्ति दिनुहुन्छ । (रोमी १:१६, २ तिमोथी २:२, ४:५)।



येशू खीष्टमाथि केन्द्रित भएर साक्षी दिने

(लूका २४:४६-४८)

पवित्र आत्माले हामीलाई साक्षी दिन सहायता गर्नुहुन्छ । मेरो पिताजीले पश्चाताप गर्नुहुन्छ भनी म विश्वास गर्छु । म उहाँलाई येशूको बारेमा भन्नेछु ।



एकदमै ठीक । हामी येशूका साक्षीहरु हौं । हामी कति दुष्ट थियौं अनि अहिले कति राम्रा छौं भन्ने कुरा मात्र हामी गर्दैनौं । यतिले मात्र खीष्टमा विश्वास गर्नको निम्ति कसैलाई कहिल्यै पनि ब्युँझाउन सक्तैन । हामीले त उहाँलाई परमेश्वरको पुत्र खीष्ट, उहाँले गर्नुभएका आश्चर्यकर्महरु, उहाँको प्रेम, हाम्रो पापको निम्ति उहाँको मृत्यु, उहाँको पुनरुत्थान, उहाँको क्षमादान अनि हामीमा उहाँको उपस्थितिबारे बताउनु पर्छ ।

नयाँ विश्वासीले उसको पिताजीसंग कुरा गर्दछ...



हाम्रो गवाहीको केन्द्रिय विषय हो:

- ☐ हाम्रो जीवनमा भएको परिवर्तन ।
- ☐ हाम्रो निम्ति खीष्टको काम ।

कसरी येशूको मृत्यु र पुनरुत्थानले हामीलाई मुक्ति दिलाएको छ अनि परिणामस्वरुप हाम्रो जीवनमा परिवर्तन ल्याएको छ, त्यसको बारेमा साक्षी दिन्छौं ।

प्रेममा साक्षी दिनु

प्रेम विना साक्षी दिनु कुनै मूल्यको हुँदैन (१ कोरन्थी १३:१)। प्रेमले मानिसलाई निश्चयतामा ल्याउन सहायता गर्दछ । (अर्थात, व्यावहारिक प्रेम कर्ममा प्रकट हुन्छ !)

१ यूहन्ना ३:१८ ले भन्दछः *"वचन र बोलीले मात्र प्रेम नगरौं, तर काम र सत्यताले प्रेम गरौं ।"*

उनीहरुले प्रार्थना गर्दछन् । रोहनको पिताजीले अलि अलि गर्दै प्रार्थना दोहोऱ्याउँदछ....

खीष्टको निम्ति हाम्रो साक्षी तब प्रभावशाली हुन्छ जब यो यसरी प्रस्तुत गरिन्छः

- ☐ बडो जोड आवाज गरेर ।
- ☐ व्यावहारिक प्रेम देखाएर ।

येशू खीष्टको आज्ञाकारी चेलाहरु बनाउन साक्षी दिनोस्

नयाँ विश्वासीहरुलाई उनीहरुले भर्खरै पाएको अनन्त मुक्तिको निश्चयता हामीले दिनुपर्छ (१ यूहन्ना ५:१३) अनि खीष्टले आज्ञा गर्नुभएका सबै कुराहरु गर्न तिनीहरुलाई सिकाउनु पर्छ (मत्ती २८:१८-२०)

रोहनले उसको पाष्टरको नमूनाबाट साक्षी दिन सिक्छ। तब उसले उनीहरुका मित्रहरुलाई सुसमाचार सुनाउनको निम्ति पितालाई पनि साथैमा लैजान्छ।

जब कसैले खीष्टलाई ग्रहण गर्दछ, तब हामी उसलाई अरुहरुलाई साक्षी दिन अनि येशूका आज्ञाहरु पालन गर्न सिकाउछौं जो चाहिँ स्वतन्त्र पार्ने अनि स्वस्थ सम्बन्धमा ल्याउने हुन्छन् ।

सारांश जाँच

१. कुनै पनि मण्डली वृद्धि हुनुको अति प्रभावशाली चाबी के हो:

- ☐ अरु विश्वासीहरुसित मिली साक्षी दिन जानु ।
- ☐ विशेष सभाहरु आयोजना गर्नु ।

२. नयाँ विश्वासीलाई साक्षी दिन सिकाउने सर्वोत्तम तरिका के हो:

☐ सुसमाचार सम्बन्धी धेरै पुस्तकहरु पढ्नु ।

☐ व्यावहारिक उदाहरण देखाउनु ।

३. नयाँ विश्वासीहरुले उनीहरुको सुपरिवेक्षकको अनुकरण गर्दछन् । हामीले सर्वप्रथम कसलाई साक्षी दिनुपर्छ:

☐ नचिनेकाहरुलाई ।

☐ आफन्तहरुलाई ।

४. नचिनेकाहरुलाई भन्दा हाम्रै मित्रहरुलाई प्रभुमा जित्नु सजिलो हुन्छ । तर हामीले केको सामर्थ्यमा भरोसा गर्नै पर्छ:

☐ बलियो व्यक्तित्वको ।

☐ खीष्टको निम्ति साक्षी दिनुको ।

५. कुनै पश्चातापी पापीलाई जब हामी खीष्टले तपाईलाई क्षमा गर्नुभयो भनी भन्दछौं, हामीले के प्रयोग गरिरहेका हुन्छौं:

☐ राज्यका साँचाहरु ।

☐ सत्य प्रस्तुत गर्नलाई हाम्रो बुद्धि ।

७. केको शक्तिद्वारा सुसमाचारका साँचाहरुले एक पापीको निम्ति मुक्तिको ढोका खोलिदिन्छ:

☐ पवित्र आत्माको ।

☐ पूर्ण रुपमा समर्पित विश्वासीको ।

७. परमेश्वरको आत्माले हामीलाई कायल पार्नुहुन्छ (यूहन्ना १६:८)। उहाँले हामीलाई खीष्टको उपस्थिति थाहा गराउनु हुन्छ । उहाँको शक्ति केमा अभिव्यक्त हुन्छ:

☐ एक नम्र गवाहीमा ।

☐ कडा, अनि जबर्जस्ती प्रयोग गरिएका शब्दहरुमा ।

८. केमा खीष्टलाई प्रस्तुत गरियो भने, अति नम्रतामा दिइएको गवाहीले पनि पापीको हृदयलाई कायल पार्दछ:

☐ एक सुन्दर मण्डलीमा ।

☐ प्रेमको आचरणमा ।

९. व्यावहारिक प्रेम र ईमान्दारी शब्दहरुले कठोरभन्दा कठोर हृदयलाई पनि छेंड्दछ । तर हामी निम्न कुरामा केन्द्रित हुनुपर्छ:

☐ हाम्रो धर्म र कसरी यसले हामीलाई परिवर्तन गर्दछ ।

☐ येशू खीष्ट अनि कसरी उहाँले हामीलाई बचाउनुभयो ।

१०. येशू ख्रीष्टको बारेमा बुझाउनु पर्ने सबैभन्दा मुख्य कुरा के हो:

☐ उहाँको शारीरिक आकृति ।

☐ उहाँको मृत्यु, पुनरुत्थान अनि हाम्रो पाप क्षमा ।

११. हामीलाई बचाउनको निम्ति भएको प्रभुको मृत्यु, पुनरुत्थान अनि पाप क्षमाको व्याख्या पछि, नयाँ विश्वासीहरुको विश्वासलाई प्रेरितहरुले केद्वारा निश्चित पारे:

☐ बप्तिस्माद्वारा ।

☐ सेवाको बेला अघि आउनको निम्ति निम्तो दिएर ।

१२. बप्तिस्माबाट शुरु गरेर, नयाँ विश्वासीले ख्रीष्टद्वारा आज्ञा भएका सबै कुराहरु पालन गर्न सिक्नेछ । प्रभावशाली साक्षी बन्ने काम सिक्नको लागि, उसले के गर्नुपर्छ:

☐ अरुहरुसित मिलेर आफ्ना साथीहरुलाई सुसमाचार प्रचार गर्न गइहाल्नु पर्छ ।

☐ उ तयार नभइञ्जेल घरैमा बसिरहनुपर्दछ ।

खीष्टको आज्ञाकारी भएर, कुनै पनि नयाँ विश्वासीले तुरन्तै आफ्ना परिवार अनि मित्रहरुलाई साक्षी दिने काम गर्न थालिहाल्छ ।



अभ्यासको काम

- प्रेरित १६:११-३४ पढ्नोस् अनि मनन गर्नोस् ।

- तपाईको मण्डलीमा भएका हरेक व्यक्ति प्रभु येशू खीष्टको निम्ति प्रभावशाली साक्षी बन्नेछ भनी प्रार्थना गर्नोस् ।

- अरुहरुको जीवन परिवर्तनको निम्ति निरन्तर प्रार्थना गर्न, अनि उनीहरुको परिवार र साथीहरुलाई प्रेम गर्न सकून् भनी नयाँ विश्वासीहरुलाई सिकाउनोस् ।

- तपाईसंगै उनीहरुलाई लिएर जानुभई अरुहरुलाई कसरी साक्षी दिनुपर्छ सो उनीहरुलाई देखाइदिनोस् ।
  ("२ सर्वोत्तम सन्देश", अनि "१५ येशूले तपाईलाई बोलाउनु हुन्छ" प्रयोग गर्नुहोस्, अथवा अरु सरल तरि का अप्नाउनुहोस् ।)

- जसले भेटघाट गर्दैछ अनि साक्षी बाँड्दैछ उनीहरुले गरि रहेको असल प्रयासको बारेमा तपाईको मण्डली अथवा झुण्डलाई जानकारी दिनोस् । यसद्वारा अरुहरुलाई पनि उनीहरुको झुण्डमा सामेल हुन प्रोत्साहन मिल्दछ ।

- आवश्यक परेमा, साप्ताहिक सभाहरुलाई कम गर्नोस् ताकि नयाँ सदस्यहरुले घरघरमा साक्षी दिने अरु समय पाउन सकून् ।

- तपाईको साक्षीद्वारा अथवा तपाईसंग जानेहरुको साक्षीद्वारा प्रभुलाई ग्रहण गर्नेहरुमध्ये कम्तिमा तीन जनाको नाउँ लेख्नोस्:

_____

_____

_____

- साक्षी दिने काममा प्रोत्साहित गर्नको निम्ति तपाईले अप्नाउन लाग्नु भएका तपाईका योजनाहरु लेख्नोस्:

_____

_____

_____

_____

_____

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

032NP01A-01